# त्रिभुवन विश्वविद्यालय
# नेपाल ल क्याम्पस
प्रदर्शनी मार्ग, काठमाडौं


पत्र संख्याः .............
च.नं.: .................

त्रिभुवन विश्वविद्यालय नेपाल ल क्याम्पस

मिति : २०८०/०९/२३

## सेमिनार विषयको प्रस्ताव (Proposal) बुझाउने सम्बन्धी सूचना

यस क्याम्पसमा सञ्चालित एलएल.बी. तहको तेस्रो वर्षमा नियमित विषयको रुपमा पठन-पाठन हुने सेमिनार (Law 505) विषयको प्रस्ताव एलएल.बी. तह २०७५/०७६ समूहका विद्यार्थीहरुले तपसिल बमोजिम हुने गरी बुझाउन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### तपसिल

१. प्रत्येक विद्यार्थीले प्रस्ताव पत्र (Proposal) बुझाउँदा अलग-अलग शीर्षकमा एलएल.बी. तेस्रो वर्षमा पठन पाठन हुने विषयसँग सम्बन्धित हुने गरी बुझाउनु पर्नेछ ।

२. प्रस्ताव Proposal स्वीकृत भएका विद्यार्थीहरुले क्याम्पसले तोके बमोजिमको सुपरीवेक्षकको निर्देशनमा सेमिनार प्रतिवेदन (Seminar Report) तयार गर्नुपर्ने छ ।

३. प्रत्येक विद्यार्थीले प्रस्ताव (Proposal) स्वीकृत भएपछि मात्र सेमिनार प्रतिवेदन (Seminar Report) लेख्नु पर्नेछ । प्रस्ताव (Proposal) स्वीकृत भए नभएको सम्बन्धी सूचना क्याम्पसले पछि प्रकाशित गर्नेछ ।

४. सेमिनार प्रस्ताव (Seminar Proposal) तपसिलमा उल्लेखित ढाँचा (Format) बमोजिम हुनु पर्नेछ :

- Introduction of the Study (अध्ययनको परिचय)
- Statement of Problem (समस्या कथन)
- Research Questions (अनुसन्धानका प्रश्नहरु)
- Objectives of the Study (अध्ययनको उद्देश्य)
- Significance of the Study (अध्ययनको महत्व)
- Scope of the Study (अध्ययनको क्षेत्र)
- Methodology of the Study (अध्ययन पद्धति)
- Review of Literature (साहित्य पुनरावलोकन)
- Limitations of Study (अध्ययनको सिमा)
- Organization of the Study (अध्ययनको संरचना)
- References (सन्दर्भ सामग्रीहरु)

५. सेमिनार प्रस्ताव (Seminar Proposal) को ढाँचा (Format) सम्बन्धी अन्य कुराहरु त्रि.वि. कानून संकायद्धारा प्रकाशित Research Report Writing Guidelines, 2080 अनुसार हुनु पर्नेछ ।

६. **प्रस्ताव पत्र मिति २०८०/१०/१५ गते भित्र क्याम्पसको परीक्षा शाखामा दर्ता गरिसक्नु पर्नेछ ।**

७. विद्यार्थीले बुझाएको प्रस्ताव (Proposal) को शीर्षक अनुसार सुपरीवेक्षक तोकिने छ र तोकिएको सुपरीवेक्षकले दिएको निर्देशन बमोजिम सेमिनार प्रतिवेदन (Seminar Report) तयार गर्नुपर्नेछ ।

८. सेमिनार प्रस्ताव (Seminar Proposal) बुझाएको एक हप्ताभित्र क्याम्पसको परीक्षा शाखामा सम्पर्क गरी आफ्नो सुपरीवेक्षसम्बन्धी जानकारी लिई प्रतिवेदन तयार गर्नुपर्नेछ ।

९. सुपरीवेक्षकले दिएको निर्देशन बमोजिम तयार गरी सेमिनार प्रतिवेदन (Seminar Report) बुझाएका विद्यार्थीहरुको मौखिक परीक्षा (Viva-Voce) का लागि अर्को सूचना प्रकाशित गरिनेछ ।

.............................
विजय प्रसाद जयसवाल
सहायक क्याम्पस प्रमुख
सहायक क्याम्पस प्रमुख